## ताँजाकोट गाउँपालिका
## गाउँपालिका कार्यपालिकाको कार्यालय
चाखुरे, हुम्ला
कर्णाली, प्रदेश नेपाल

# मौजुदा सूची दर्ता गर्ने सम्बन्धी सूचना !

प्रकाशित मिति २०७८।०४।२७ गते ।

ताँजाकोट गाउँपालिका, गाउँपालिका कार्यपालिकाको कार्यालय, चाखुरे, हुम्ला, कार्यालयका लागी आ.व. २०७८/०७९ मा आवश्यक पर्ने तपसिलमा उल्लेखित भए बमोजिमका बिभिन्न सामान तथा सेवाहरु आपुर्ती गर्नको लागी मौजुदा सूची तयार गर्नु पर्ने भएकाले योग्यता पुगेका इच्छुक सम्बन्धीत कार्यको इजाजत पत्र प्राप्त व्यक्ति, फर्म, संस्था र कम्पनीहरुले निम्न सामान र सेवाहरु मध्ये आफुले आपुर्ती गर्ने कार्यहरु प्रत्येकको छुट्टा छुट्टै बिवरण भरी यो सूचना प्रकाशित भएको मितिले १५ औं (बिदा परेमा कार्यालय खुलेको पहिलो दिन) दिनको कार्यालय समय भित्र यस कार्यालयमा सूची दर्ताको लागी आवेदन पेश गर्न हुन यो सूचना प्रकाशित गरिएको छ ।

निम्नः-

**क) खरिद तथा आपुर्ती तर्फः**

१. मसलन्द तथा कार्यालय सामान
२. इलेक्ट्रिकल सामान
३. पत्र पत्रिका तथा पुस्तक
४. छपाई सम्बन्धी सामानहरु
५. फर्निचर तथा फर्निसिङका सामानहरु
६. हार्डवेयर तथा फिटिङ
७. सवारी साधन तथा संचार साधन स्पेयर पार्ट्स
८. मेशिनरी उपकरण (कम्प्युटर,प्रिन्टर,यु.पि.एस.,फोटोकपी मेशिन, Net Working Surveillance तथा अन्य र इलेक्ट्रोनिक्स सामान)
९. डोर मेट तथा कार्पेट सम्बन्धी

**ख) मर्मत तर्फ**

१. सवारी साधन (गाडी, मोटरसाइकल, एम्बुलेन्स)
२. इलेक्ट्रोनिक्स सामान
३. फर्निचर
४. कम्प्युटर, फ्याक्स, फोटोकपी, यु.पि.एस., टेलिफोन सेट र प्रिन्टर सो को पार्ट पुर्जा तथा Accessories.

**ग) सेवा तर्फ**

१. Internet र Website सेवा सम्बन्धी
२. होजियारी (सिलाई सम्बन्धी कार्य)
३. कुरियर सेवा (राष्ट्रिय तथा अन्तराष्ट्रिय)
४. सेवा तथा परामर्श

**निवेदकले पेश गर्नु पर्ने कागजातहरु:-**

१. लिखित निवेदन (फर्म, कम्पनी, स्थायी लेखा नं., मु.अ.कर दर्ता र आ.व.०७७।०७८ को कर चुक्ता) नागरिकता प्रमाण पत्रको नोटरी पब्लिकबाट प्रमाणित प्रतिलिपि ।
२. बिक्री पछि सेवा व्यवस्था र जगेडा पार्ट पुर्जाको उपलब्धता प्रमाण ।
३. कुनै सरकारी निकाय/संस्थामा कार्य गरेको अनुभव भए सो को नोटरी पब्लिकबाट प्रमाणित प्रतिलिपि ।
४. माग भएको सामान तथा सेवाहरु समयमा नै उपलब्ध गराउने लिखित प्रतिबद्धता पेश गर्नु पर्ने ।
५. बित्तिय कारोबारको अवस्था खुल्ने कागजातको प्रतिलिपी ।
६. पेशागत कसुर गरी सजाय नपाएको र कालो सूचीमा नरहेको लिखित घोषणा पत्र ।

**अन्य जानकारीहरु:-**

१. म्याद नाघी पेश भएको आवश्यक प्रमाण पत्रहरुको प्रतिलिपि संलग्न नभएको वा रित नपुगेको लाई सूचीकृत गरिने छैन ।
२. सूचीकृत भएका व्यक्ति, फर्म, संस्था वा कम्पनीहरुबाट यस कार्यालयले आवश्यकता अनुसारको सामान वा सेवा खरिद गर्न सक्नेछ ।
३. सूचीकृत भएका व्यक्ति, फर्म, संस्था वा कम्पनीहरुले सन्तोषजनक रुपमा सामान तथा सेवा आपुर्ती नगरेको खण्डमा सूचीकृतबाट हटाउन सकिनेछ । यस उपर कुनै दाबी बिरोध गर्न पाईने छैन ।
४. व्यक्ति, फर्म, संस्था वा कम्पनीहरु सूचीकृत गर्ने वा नगर्ने सम्पुर्ण अधिकार यस कार्यालयमा निहित रहनेछ ।
५. उपरोक्तानुसारको मौजुदा सूची आ.व. २०७८।०७९ को लागी मात्र मान्य हुनेछ।






Scanned with CamScanner